प्रस्ताव नं. १ - कर्मचारी समायोजन सम्बन्धमा

निर्णय नं. १ - प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरावल गा.पा भित्र रहेका तपशिल बमोजिमका स्थानिय तहमा नियुक्ती पाई सेवा गर्दै आएका कार्मचारीहरुलाई कर्मचारी समायोजन अध्यादेश-२०७५ बमोजिम मिति २०७५/०९/०३ देखि लागु हुने गरी यसै कार्यालयमा समायोजन गरि निजहरुलाई सोहि मिति देखी लागु हुने गरि यसै समायोजन पत्र दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | नाम | पद | तह | जन्म मिति | सुरु स्थायी नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १ | ईन्द्रकमल यादव | कार्यालय साहायक | चौथो तह | २०७५/०८/१९ | २०६४/०९/२७ |
| २ | सुरेन्द्र प्रसाद चौधरी | कार्यालय साहायक | चौथो तह | २०२५/११/०८ | २०६४/०९/२७ |
| ३ | विरेन्द्र कुमार चौधरी | कार्यालय साहायक | चौथो तह | २०१८/०५/०१ | २०६४/०९/२७ |
| ४ | चेतनारायण चौधरी | पियन | श्रेणिविहिन | २०२९/०२/२६ | २०५१/१०/०४ |
| ५ | कृष्ण चौधरी | पियन | श्रेणिविहिन | २०३२/०५/१२ | २०५९/०१/०६ |

प्रस्ताव नं. २ - गाउँपालिकाको प्रशासनिक भवन वनाउन जग्गा खालि गर्ने सम्बन्धमा

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सरावल गा.पा को प्रशासनिक भवन वनाउनको लागी आवश्यक पर्ने पुर्व फिल्ड अर्थात खेलकुद मैदानको छेउको वाटो, पश्चिम शिवमन्दिर छेउवाट आउने कुलो,उत्तर सत्यनारायण चौधरीको घरको छेउको वाटो तथा दक्षिण गाउँकार्यपालिकाको छेउको वाटो यति चौकिल्ला भित्र रहेको जग्गा खाली गराउनको लागी महेन्द्र चौधरीको अध्यक्षतामा बनेको समितिले विभिन्न समयमा स्थानिय व्यक्तिहरुसंग बसी गरेको छलफलको आधारमा निष्किएको निष्कर्ष अध्ययन गर्दा जग्गा खाली गराउन स्थानिय समुदाय र समितिविच सहमती भएकोले जग्गा खाली गराउनको लागी १ महिनाको समय दिई सुचना प्रकाशित गर्ने र सो अवधिभित्र उक्त स्थानमा रहेको कच्ची घर खालि गर्नुपर्ने तथा पक्कि घरको हकमा गाउँपालिकाको प्राविधिक टोलिद्वारा मुल्यांकन गरी क्षेतिपुर्तिको बन्दोवस्त मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ - IEE Report र Tor स्विकृत सम्वन्धमा

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गा.पाअन्तर्गत पर्ने खोलाहरु भलुही, झरही हुलासी को ढुङ्गा गिट्टी बालुवा माटो संकलन गर्ने कार्यका लागी ठेक्का गर्ने प्रारम्भीक वातावरणिय परिक्षण (IEE) र TOR स्विकृत गरि स्विकृतिको लागी सम्बन्धित निकायमा पेस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ - प्रहरी चौकीको लागी जग्गा उपलव्ध गराउने सम्वन्धमा

निर्णय नं. ४ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा सरावल गा.पा वार्ड नं. ६ गोव्रहियामा रहेको प्रहरी चौकीको लागी स्थानिय समुदाय बसी निर्णय गरी गोब्रहिया गाउटोलदेखी उत्तर पश्चिम सरावल गा.पा जाने वाटोमा पर्ने कि.नं. ७/क २४४ को ८ नं. प्रति जग्गा ज.वि. अन्दाजी ०-८-० जग्गा हस्तान्तरण गर्ने सहमत भएको सो जग्गाको सम्बन्धमा हाललाई उक्त जग्गा सार्वजनिक नै रहने तथा सहि सरक्षण गरि हकभोग गर्ने प्रहरी चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ - गत आ.व मा सम्पन्न हुन नसकेका यस वर्षको कार्यक्रममा समावेश भएका अधुरा आयोजनाको उपभोक्ता समितिवाट कार्य गराउदा १०% नगद योगदान सम्बन्धमा

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गा.पा मा यस बर्ष अर्थात आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालित कार्यक्रमहरु उपभोक्ता समितिमार्फत सञ्चालन गर्दा श्रमदान वापत १०% रकम नगद जम्मा गर्नपर्ने यसै गाउ कार्यपालिकाको निर्णय रहेपनी गत आ.व मा सञ्चालन भई समय अभाव तथा बाढि प्रकोप लगायतका कारणले सम्पन्न हुन नसकेका तथा यस वर्षको वार्षिक स्विकृत कार्यक्रममा समावेश भएका आयोजनाहरु सञ्चालन गर्दा गत आ.व. मै गठन भएको उपभोक्ता समितिले सम्पन्न गर्न सक्ने तथा सोको कार्यान्वयन गर्दा श्रमदान वापद् लाग्ने कुनै पनी नगद जम्मा गर्नुपर्ने वाध्यकारी व्यवस्था नगरीने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ - कृषि सिंचाई मोटर/पम्पसेट वितरण मापदण्ड सम्बन्धमा

निर्णय नं. ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गा.पा कृषि कार्यक्रम अन्तर्गत साना सिंचाईका उपकरणहरु अर्थात पम्पसेट तथा मोटर ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोमा सोको लागी विभीन्न समुह सहकारीहरुमार्फत माग संकलन गरिसकिएकोले वितणको लागी तपशीलको मापदण्डमा आधारित रही बजेटको परिधि भित्र रही सम्पुर्ण समुहलाई समानताको आधारमा वितरण गर्ने निर्णय गरियो ।

तपशिल

- आर्थिक बर्ष २०७५/०७६ मा यस सरावल गाउँपालिका बाट कम्तिमा रु ५०००|- बराबरको अनुदान नपाएका कृषक समुह, कृषि फर्म र सहकारी संस्था हुनु पर्ने छ ।
- कम्तिमा पनि यस गाउँपालिकामा दर्ता भई ६ महिना सम्म संचालन भएको हुनुपर्ने छ ।
- साबिकको जिल्ला कृषि बिकाश कार्यलय नवलपरासीबाट कम्तिमा पनि ३ बर्ष (आ.व. ०७२/७३, ०७३/७४ र ०७४/७५ )मा अनुदान नपाएको हुनुपर्छ ।

४

प्रस्ताव नं. ७ - अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पाको आर्थिक वर्ष २०७४/०७५ को अन्तिम लेखा परिक्षण केही दिन अघि मात्र महालेखा परिक्षणको प्रतिनिधिद्वारा सम्पन्न भई सोको प्रारम्भिक प्रतिवेदनसमेत प्राप्त भईसकेको सन्दर्भमा प्रारम्भिक प्रतिवेदन बैठकमा जनाकारी गराईयो ।प्रतिवेदनवाट औल्याएका सम्पुर्ण सुझावहरु मनन गर्दै आगामी दिनमा थप सुधार गरी सकेसम्म कम गल्तिकमजोरी हुने गरी श्रेस्ताहरु दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ - उज्ज्वल बहुद्देशिय सहकारी दर्ता सम्बन्धमा

निर्णय नं. ८ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ६ मा सञ्चालित बहुउद्देशिय सहकारी संस्थाले नियमपुर्वक यस कार्यालयमा दर्ताको लागी निवेदन दिएकोमा सो संस्था यस सरावल गाउ कार्यपालिका वाट स्विकृत सहकारी ऐन को परिधिभीत्र रही कारोवार तथा कार्य गर्ने गरि सोहि ऐन अनुरुप दर्ता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ - विपद् सम्बन्धमा

निर्णय नं. ९ - प्रस्ताव नं. ८ उपर छलफल गर्दा पौष महिना लागेसंगै अत्यन्त चिसो मौसम सुरु भईसकेको र विगतमा जस्तै यस बर्ष पनी शितलहर लागी जनजिवन अत्यन्त कष्टकर बन्न सक्ने सम्भावना विद्यमान रहेको र अति विपन्न परिवार सितलहरवाट प्रभावित हुन सक्ने हुदा जोखीमवाट बचाउन वडा कार्यालय वाट प्राप्त अति विपन्न परिवारको पहिचान गरी विपद् व्यवस्थापन कोषवाट न्यानो कपडा, दाउरा र कम्बल खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० - खानेपानीको श्रोत सम्भाव्यता अध्ययनको स्थान तय सम्बन्धमा

निर्णय नं. १० - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस सरावल गा.पा भित्र रहेका सम्पुर्ण व्यक्तिहरुलाई स्वच्छ पानी खुवाउने लक्ष्य अनुरुप गाउँपालिका भित्र रहेका प्रत्येक वडाहरुवाट खानेपानी श्रोतको सम्भाव्यता अध्ययन गर्नको लागि आवश्यकता अनुरुप जग्गा प्राप्त हुन सक्ने क्षेत्र पहिचान गरी कम्तिमा एक वडामा एक स्थान छनौट गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ११ - उपभोक्ताको योगदान वापतको १०% जम्मा भएको रकम भुक्तानी दिने सम्बन्धमा

निर्णय नं. ११ - प्रस्ताव नं. १० उपर छलफल गर्दा यस सरावल गा.पाको २०७५/०७६ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने सम्पुर्ण उपभोक्ता समितिहरुले कुल स्विकृत रकमको १०% रकम जम्मा गर्नुपर्ने भन्ने यस सरावल गाउँ कार्यपलिकाको निर्णयअनुरुप उपभोक्ता समितिले यसै गाउपालिकाको संचित मुलकोषमा उक्त रकम जम्मा गरेकामा रकम निकासा गर्न भनी रितपुर्वक निवेदन दिएमा प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२ - मुद्दाको भुक्तानी सम्बन्धमा

निर्णय नं. १२ - प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस सरावल गाउँपालिका तथा यसै क्षेत्रभित्र पर्ने साविकका गा.वि.सहरु वादि/प्रतिवादी भई अदालतमा मुद्दा चली गाउँपालिकाको संरक्षण गर्न जिम्मा पाएका तपशिलका कानुनव्यवसायी हरुको पारिश्रमिक वापदको रकम भुक्तानीको लागी फैसलाको प्रतिलिपितथा अन्य आवश्यक कागजातसहित रितपुर्वक निवेदन दिएमा भूक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | नाम | मुद्दा | वादी | प्रतिवादी | कुल रकम रु. |
|---|---|---|---|---|---|
| १ | रमेश प्रसाद चौधरी | ०७३-pc-०६११ | कृष्णदत्त प्रसाद चौधरी | रामपुर खडौना वडा सचिव दिलिप कुमार चौधरी | २५०००/- |
| २ | | | | | |

प्रस्ताव नं. १३ - गणकहरुको भुक्तानी सम्बन्धमा

निर्णय नं. १३ - प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस सरावल गा.पा को तथ्यांकको अध्यावधिक गर्नको लागी एक्सलवर्ल्ड प्रा.लि नामक परामर्शदाता संग सम्झौता भई पेश्कि स्वरुप रु.७९९१३६/००(अक्षरुपी रु सात लाख उनान्सय हजार एक सय छतिस मात्र)लिई गणकलाई भुक्तानी नगरेको र समयमा कार्य सम्पन्न नगरेको हुदा गणकहरुको पारिश्रमिकवापत हाललाई प्रतिगणक रु १७०००/- ( सत्र हजार मात्र) कार्यालयले बैंक खातामार्फत भुक्तानी दिने र प्रतिवेदन प्राप्त भएपश्चात गणकले गरेको घरधुरी सर्वेक्षणको संख्यात्मक आधारमा बाकी रकम भुक्तानी गर्ने र उक्त रकम र जरिवाना समेत निज परामर्शदातावाट अशुल गर्ने र लेखापरिक्षणबाट औल्याएअनुसार निजलाई पत्र काटी कार्वाही प्रकृया अघि वढाउने निर्णय गरियो ।

अध्यक्ष

श्याम चौधरी